**पालुङ्टार नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**पालुङ्टार, गोरखा**

**गण्डकी प्रदेश, नेपाल**

मिति :२०७७/१२/२६

## सार्वजनिक सम्पती भाडामा लगाउने सम्वन्धी सुचना ।

यस नगरपालिकाको स्वामित्वमा रहेको तपशिल बमोजिमका सार्वजनिक सम्पती चालु आ.व. ०७७/७८ देखि आ.व.०९१/०९२ सम्म बढीमा १५ वर्ष सम्मका लागि स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ५९ बमोजिम भाडामा लगाइने भएकाले ईच्छुक व्यक्ति,फर्म वा कम्पनीले निम्न शर्तको अधिनमा रहि मिति २०७८/०१/०९ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा निम्न सर्तको अधिनमा रहि दरभाउपत्र राजश्व शाखामा पेश गर्न सुचित गरिन्छ ।

| क.स. | ठेक्का नं. | विवरण | न्युनतमकबोल रकम रु ( प्रतिवर्ष ) ( भ्याट बाहेक ) | कैफियत |
|---|---|---|---|---|
| १ | PMUN-R-2077/78-06 | विजुले डाँडा माथि रहेको कोलडाँडाको जग्गा | रु.१५००० | |

शर्त तथा बन्देजहरु:

१) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र ,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७७/७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा कृषि विकास बैंक मा रहेको यस कार्यालयको खाता नं.०३१७७००९५९५३२०२५ मा नगद रु ५०० जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र कार्यालयबाट फाराम खरिद गर्न सकिनेछ र खरिद भएका दरभाउपत्र भरी १६ औ दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्नुपर्नेछ । खरिद गर्ने अन्तिम दिन सार्वननिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२) दरभाउपत्र भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाइ मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको कृषि विकास बैंकमा रहेको धरौटी खाता नं. ०३१७७००९५९५३२०१७ मा जम्मा गरी सोको सक्कल बैंक भौचर,नगद वा नेपाल राष्ट बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी नब्बे दिनको म्याद सहित जारी गरिएको विडवण्ड दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

तजराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

३) खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्र दाताले प्रत्येक पानामा सहिछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना,कामको विवरण,ठेक्का विवरण ,प्रोपाराइटरको नाम,ठेगाना,फोन नं.,मोबाईल नं.समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दर्ता गर्न सकिने छ ।

४) एक फर्म वासंस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।

५) रीतपूर्वक पर्न आएका दरभाउपत्रहरु दरभाउपत्र पेश गर्ने अन्तिम दिनको २ बजेदेखि कार्यालयका प्रतिनिधि, ठेकेदार वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ ।ठेकेदार वा निजको प्रतिनिधि वोलपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

६) म्याद नाघी,रीत नपुगी वा शर्त सहित पेश हुन आएका दरभाउपत्रहरु स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैनादरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७) दरभाउपत्र स्वीकृत भएमा न.पालाई प्रत्येक वर्ष बुझाउनु पर्ने रकम यस वर्षको हकमा ठेक्का स्वीकृत भएको १५ दिनभित्र रआगामी वर्ष श्रावण १५ गतेभित्र बुझाई सक्नुपर्ने छ अन्यथा सम्झौता नवीकरण हुने छैन ।

८) ठेक्का सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन । नेपाल सरकार वा अदालतको आदेश/फैसलाबाट मिन्हा दिने सम्वन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का सम्झौता पछि नगरपालिकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिन्हाको लागि दावी गर्न पाईने छैन ।

९) फारम केरमेट गर्न पाईने छैन ।

१०) कुनै शर्त राखी फाराम भर्न पाईने छैन ।

११) यस नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

१२) ठेक्का लिदा आवश्यक पर्ने अन्य करहरु ठेकेदार स्वंयमले व्यहोर्नु पर्नेछ ।

१३) भौतिक संरचना र स्वरुपलाई फेरबदल गर्न पाईने छैन ।

१४) अन्य शर्तहरु सम्झौतामा उल्लेख भए अनुसार तथा स्थानीय सरकार संचालन ऐन २०७४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

...राजराज शर्मा
...प्रशासकीय अधिकृत

Scanned with CamScanner